# स्थानीय राजपत्र


## बुलिङटार गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ०९) बुलिङटार -०३ , नवलपरासी ( ब.सु.पू) , २०८२ चैत्र १ गते ( संख्या १२ )


भाग २

कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम बुलिङटार गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## "कृषि यान्त्रीकरण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८२"

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/११/३०

प्रमाणीकरण मिति : २०८२/११/३०

CS CamScanner

# कृषि यान्त्रिकरण अनुदान वितरण सम्वन्धि कार्यविधि, २०८२

प्रस्तावना : स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानिय सरकारले प्राप्त अधिकार क्षेत्र भित्र रहेर यस पालिका भित्र सञ्चालनमा रहेका र सञ्चालन हुने कृषि, पशुपन्छि तथा पशु पालनजन्य व्यवसायहरुमा यान्त्रिकरणको प्रवर्द्धन गरी कृषि उत्पादन लागत घटाउन, कृषकहरुलाई उत्पादन क्षेत्रमा आकर्षित गर्न, कृषिलाई आधुनिक, व्यवसायिक र प्रतिष्पर्धी बनाउन साथै यस पालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क. यस कार्यविधिको नाम "लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण सम्बन्धी कार्यविधि,२०८२" रहेको छ।

ख. यो बुलिङटार गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. परिभाषा :

क. "व्यवसाय/फर्म" व्यवसायिक रुपमा गरिएको कृषि तथा पशुपन्छिको काम

गरीएको पेशा वा कर्मलाई सम्झनु पर्छ।

ख. गाउँपालिका" भन्नाले "बुलिङटार गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व " लाई सम्झनु पर्छ ।

ग. यान्त्रिक सामग्री" भन्नाले कृषि पेशालाई व्यवसायिक तथा आधुनिकीकरण गर्ने कार्यका लागि आवश्यक पर्ने कृषि औजार भन्ने सम्झनु पर्छ ।

घ. "अनुदान" भन्नाले सूचीकृत आपूर्तिकर्ताबाट खरिद गरिएका कृषि यन्त्र, औजार, उपकरण तथा अन्य यान्त्रिक मेशिनरी सामग्रीहरुः खरिद मूल्यमा तोकिए वमोजिम हुने गरी ५० प्रतिशत रकम(संघीय र प्रादेशिक कानुनले निर्दिष्ट भएअनुसार ) हुन आउने गरी सम्वन्धित लाभग्राहीको बैंक खातामा उपलब्ध , गराइने रकम भन्ने सम्झनु पर्छ ।

ङ.कृषक समूह" भन्नाले यस गाउँपालिका वा अन्य सरकारी निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समूह सम्झनु पर्छ ।

च. "कृषि सहकारी" भन्नाले यस गाउँपालिका वा अन्य सरकारी निकायमा कानुन बमोजिम दर्ता भएको कृषि सहकारी सम्झनु पर्छ ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

छ. कृषि उद्यमी, कृषि कम्पनी तथा कृषि फर्म भन्नाले उद्योग तथा पर्यटन कार्यालय वा आन्तरिक राजश्व कार्यालय वा कम्पनी रजिष्टारको कार्यालय वा यस गाउँपालिकामा दर्ताभएका उच्चमी, कम्पनी वा फर्म भन्ने सम्झनु पर्छ ।

ज,. "कृषिजन्य सामग्री" भन्नाले गाउँपालिकाको कृषि विकास तथा पशु सेवा शाखाको कार्यक्रमबाट वितरण गरिने कृषिजन्य सामग्री भन्ने सम्झनु पर्छ ।

झ. "व्यवसायी" भन्नाले यस बुलिङटार गाउँपालिका भित्रका कृषि तथा पशुपालन साथै अन्य व्यवसाय सम्बन्धि व्यक्ति वा संस्था सम्झनु पर्नेछ।

ञ। "कार्यविधि" भन्नाले लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण सम्बन्धी कार्यविधि,२०८२ सम्झनु पर्नेछ।

ट. "कृषि यन्त्र उपकरण" भन्नाले प्रमुख खाद्यान्न बाली, मौरी , नगदेबाली , फलफुल , दलहन , पुष्पव्यवसाय , पशुपालन व्यवसय आदी जस्ता कृषि उपज तथा व्यवसायिक पशुपालन उत्पादन हरुको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेन्टलाई सम्झनु पर्छ।

ठ."स्वलगानी" भन्नाले साझेदारले अनुदान बाहेकको व्यहोर्ने रकमलाई सम्झनु पर्छ।

३. उद्देश्य :

क. कृषि कर्म , पशुपालनमा यान्त्रीकरण प्रवर्द्धन गर्ने,

ख. कृषि , पशुपालनको व्यवसायिक उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

ग. कृषि उत्पादनमा लागत घटाउने,

घ. कृषि, पशुपालनलाई लाई आधुनिक, व्यवसायीक र प्रतिस्पर्धी बनाउने,

ङ. युवाशक्तिलाई कृषि उत्पादनमा आकर्षण गर्ने,

च. कृषकहरुलाई अर्गानिक सामुहिक खेति (चक्लाबन्दि) मा आकर्षित गर्ने।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

## परिच्छेद-२

## कार्यक्रम सञ्चालनको प्रक्रिया

**३. कार्यक्रम सञ्चालनः** (१) गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदान (संघीय र प्रादेशिक ससर्त , विशेष लगायतको अनुदान कार्यक्रमको हकमा कानुनले निर्दिष्ट भएअनुसार ) वा कार्यपालिकाले निर्णय गरे अनुसार तोकेको प्रतिशत अनुदानमा कषि यन्त्र, औजार, उपकरण तथा अन्य यान्त्रिक मेशिनरी सामग्री वितरण तपसिल बमोजिमका बिधिबाट कार्यान्वयन गरिनेछ ।

(क माग सङ्कलन

(ख) सार्वजनिक खरिद ऐन अनुसार आपूर्तिकर्ताको छनौट

(ग) लाभग्राही स्वयंबाट खरिद तथा अनुदानका लागि निवेदन प्राप्ति

(घ) अनुदान वितरणं

(२) कार्यक्रममा सहभागी हुन इच्छुक सम्भाव्य लाभग्राहीले निम्न कागजात सहित गाउँपालिकाको कृषि बिकास शाखाले आह्वान गरेको ७ देखि १५ द्विनको अवधि सहितको सूचनामा तोकिए अनुसार हुने गरी अनुसूची १ वमोजिमको गाउँपालिका र वडाहरुमा सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्नेछ। सूचना अनुसार आवश्यक पर्ने लाभग्राहीले कागजात सहित यस गाउँपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नुपर्नेछ । साथै यो, कार्यविधि स्वीकृत हुनु अघि संकलन भएको माग : संकलनलाई यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**४. कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरणका लागि प्रस्ताव आव्हानः**

(क) सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार नै अनुदानको उपकरण खरिदलाई कृषक मैत्री बनाउन माग भएको कृषि सामग्री,वस्तु, र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तिमा ३ आपूर्ति कर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबैभन्दा कम दर रेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ ।सोहि अनुसार कार्यलयले निर्धारण गरेको न्युनतम रकमलाई लागत मानी तोकिएको रकम स्वलागानीको रुपमा लाभग्राहीलाई कार्यलयको खातामा जम्मा गर्न लगाई पालिकाले उपकरण आपूर्तिकर्ताबाट खरिद गरि सम्बन्धित लाभग्राही व्यक्ति , समुह , फर्मलाई वितरण गरिनेछ ।

(ख) गाउँपालिकाले कृषि यन्त्र उपकरणको लागत अनुदान निर्धारणको लागि सप्लायर्स , विक्रेताबाट स्पेसिफिकेसन अनुसार सिलबन्दि दररेट प्रस्ताव आह्वान गरेर प्राविधिकवाट प्राविधिक मुल्याकन गराई न्युनतम दररेटलाई आधार मानि अनुदान रकम निर्धारण गरिनेछ ।

(ग) गाउँपालिकाले खरिद गरि कृषक समुहलाई वितरण गर्ने सन्दर्भमा प्राविधिक स्टिमेट गराई सार्वजनिक खरिद ऐन र नियमावलीको आधारमा सोझै खरिद , सिलबन्दि , बोलपत्र आह्वान (पन्ध्र दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन पश्चात ) गरि खरिद गरेर वितरण गर्न सक्नेछ ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

(घ) कार्यक्रम संचालनार्थ गाउँपालिकाको तर्फबाट प्रत्येक आर्थिक बर्षमा विनियोजित हुने रकमको परिधिभित्र रही आवेदन साथ संलग्न प्रस्ताव अनुसार कृषकको क्षमता र यान्त्रिकरण अनुदान हस्तान्तरण कार्यक्रमबाट प्राप्त हुने उपलब्धी र प्रभावका आधारमा मूल्याङ्कन समितिले सिफारिश गरे बमोजिमको यान्त्रिकरण अनुदान प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानूनको अधीनमा रही यसै कार्यविधि बमोजिमको मापदण्ड पुगेको कृषकसंग सम्झोता गरी यान्त्रिकरण अनुदान हस्तान्तरण गरिनेछ ।

(ङ)संघीय कानुन र प्रादेशिक कानुन अनुसार निर्दिस्ट हुने कार्यक्रममा सोहि कार्यविधि र कानून अनुसार हुनेछ ।

(च) कृषकको आवश्यकता र कृषि व्यवसायबाट हुने रोजगारीका आधारमा लागत अनुमानको बढीमा ५०% (पचास प्रतिशत) सम्मको अनुदान उपलब्ध गराईनेछ । उपलब्ध गराईने यान्त्रिकरण अनुदानको कुल लागतको कम्तीमा ५०% (पचास प्रतिशत) रकम कृषकले व्यहोर्नु पर्नेछ ।

(छ) अनुदान कार्यक्रमको लागि छनौट भएका कृषकबाट संझौता हुनुपूर्व जम्मा हुनुपर्ने लागत सहभागिता बापतको रकम गाउँपालिकाको खातामा नगदै जम्मा गरी भौंचर पेश गर्नु पर्नेछ ।

(ज) यस कार्यक्रम अन्तर्गत उपलब्ध गराईने प्रविधिको आपूर्ति र वितरण सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

(झ) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बैंक ग्यारेन्टी वा सो वराबरको रकम धरौटी, निवेदन र अनुसूची-२ अनुसारको प्रस्ताव पेश गर्नुपर्नेछ।

(ञ) अनुदान सहयोग लिन चाहने लाभग्राही ,कृषक, साझेदारले अनुसूची-३ बमोजिम तोकिएको म्याद भित्र सम्बन्धित कृषि विकास शाखामा निवेदन दिनु पर्नेछ र अनुसूची-४ बमोजिम छनौटका लागि फाराम भर्नु पर्नेछ।

**५. अनुगमन तथा मूल्याकेन समितिः** (१) कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिमको कपि यान्त्रिक सामग्रीमा अनुदान कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नको लागि **"बुलिङटार गाउँपालिका कृषि प्रवर्दन सम्बन्धि कार्यविधि २०८१** "अनुसार कै तपशिल बमोजिमको अनुदान कार्यान्वयन तथा अनुगमन तथा मूल्यार्कन समिति रहनेछः

तपशिल :

क.अनुदान कार्यान्वयन समितिः
स्थानीय तह मार्फत कृषि तथा पशु कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक अनुदान कार्यान्वयन समिति रहनेछः

१) गाउँपालिका अध्यक्ष - संयोजक
२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

४) योजना शाखा प्रमुख - सदस्य

५) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव ( कृषि अनुदानको लागि )

६) पशु विकास शाखा प्रमुख - सदस्य सचिव ( पशु व्यवसाय विकास सम्वन्धि अनुदानको लागि )

पूर्वाधार , अनुदानको सामाग्री लगायतको लागि सम्बन्धित शाखा प्रमुख लगायत अन्य सम्बन्धित क्षेत्रका विषयविज्ञ लाई आमन्त्रण गर्न सक्नेछ ।

ख. समन्वय तथा अनुगमन मुल्यांकन समितिः

स्थानीय तह मार्फत कृषि तथा पशु कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक समन्वय तथा अनुगमन समिति रहनेछः

१ बुलिङटार गाउँपालिका उपाध्यक्ष - संयोजक

२) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

३) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

४) सम्बन्धीत वडाको वडा अध्यक्ष - सदस्य

५) कृषि शाखा प्रमुख - सदस्य ( कृषि अनुदानको लागि )

६) पशुपन्छी शाखा - सदस्य सचिव ( पशु व्यवसाय विकास सम्बन्धि अनुदानको लागि )

समितिको बैठकमा आवश्यकता अनुसार अनुदानमा वितरण गरिने यान्त्रिक सामग्रीसँग सम्बन्धित प्राविधिक कर्मचारी , पूर्वाधार शाखा प्रमुख लगायतलाई आमन्त्रण गर्न सकिंनेछ ।

(२) अनुगमन तथा मूल्याकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार अनुदानमा वितरण गरिने कृषि यान्त्रिक औजारको सम्बन्धित प्राविधिकबाट निर्माण भई आएको प्राविधिक स्पेशिफिकेशन तथा लागत अनुमान स्वीकृत गर्ने,

(यदि गाउँपालिकामा कृषि यान्त्रिक ,औजारसँग सम्बन्धित प्राविधिक नभएको खण्डमा गाउँपालिकाले अन्य सम्बन्धित कार्यालय वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट इजाजत प्राप्त व्यक्ति वा संघसंस्थालाई प्राविधिक स्पेशिफिकेशन तथा लागत अनुमान बनाउन लगाई स्वीकृत गर्न सक्नेछ ।)

ख. उपदफा (क) बमोजिमको प्राविधिक स्पेशिफिकेशन र लागत अनुमान बमोजिमको यान्त्रिक सामग्री खरिद गर्न आवश्यक प्रक्रियाकोलागि गाउँपालिका कार्यालयलाई अनुमति दिई अनुदान उपकरण प्राप्त गर्ने लाभग्राहीहरुलाई / कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम स्वीकृत लाभग्राहीहरुलाई जानकारी गराउने,

ग.लाभग्राहीहरु छनौट गर्दाका सम्पूर्ण आधारहरु मुल्याकन गरि अघिल्लो दुई आर्थिक वर्षमा संघ , प्रदेश वा स्थानीय तहबाट सोहि प्रकारको अनुदान नपाएको एकिन गरि दफा ११ को विशेष प्राथमिकता समेत ध्यान दिई अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको नाम निर्णय गरि सूची प्रकाशित गर्ने ,

इं. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

ग. लाभग्राहीहरुले उपदफा (क) बमोजिम कृषि यान्त्रिक औजार खरिद वा प्राप्त गरि प्रयोगमा ल्याएको वा नल्याएको अनुगमन तथा मूल्याकंन गरी वडा कार्यालयको सिफारिस सहित भुक्तानीको लागि सिफारिस गर्ने,

घ. कृषि यान्त्रिक औजारसँग सम्बन्धितसँग सम्बन्धित 'अनुगमन तथा मूल्यार्कनसँग सम्बन्धित प्रतिवेदन पेश गर्ने ।

**६. मूल्याङ्कनका आधारहरु :**(क) गाउँपालिकाको मूल्याङ्कन समितिले दुवै आपूर्तिकर्ता र साझेदारको आवेदनलाई मूल्याङ्कन गरेर छनौट गरिनेछ।

(ख) उपदफा (क) बमोजिमको आपूर्तिकर्ताबाट लिन लागेका कृषि यन्त्र उपकरणको टेक्निर्कल स्पेशिफिकेसनलाई समिति र कृषि विकास शाखाबाट सम्बन्धित विषयका विज्ञलाई खटाईनेछ।

(ग) उपदफा (क) बमोजिमको साझेदारको छनौटका लागि अनुसूची-४ को आधारमा मूल्याङ्कन गरिनेछ ।

**७. सम्झौता :** (क) प्रस्ताव स्वीकृत भएका साझेदारले छनौट भएको सूची नाम सार्वजनिक भएपछि जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(ख) उपदफा (क) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ।

(ग) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन।

(घ)उपदफा (ख) बमोजिम सम्झौता गर्न नआएमा वा रितपुर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनःसूचना प्रकाशन गर्नु पर्नेछ।

**८. साझेदारको दायित्व :** (क) गाउपालिकाले छनौट गरेका साझेदारले उपकरण अनुदानको तोकिएको लागत साझेदारीतर्फको स्वलगानीको लाभग्राहीले व्यहोर्नुपर्ने रकम वा कृषि विकास शाखामा वा गाउँपालिकाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ।

(ख) साझेदारले अनुसूची-६ बमोजिमको सम्झौता कृषि विकास शाखासगँ गर्नुपर्नेछ।

(ग) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरण कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन्।

(घ) अनुदानबाट प्राप्त गरिएको कृषि यन्त्र उपकरणलाई कृषक समुह/सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनुपर्नेछ।

(ङ) अनुदानबाट प्राप्त कृषि यन्त्र उपकरणहरु कम्तिमा पाचँ बर्षसम्म अरुलाई विक्रि वितरण गर्न पाइने छैन्।

**९.भुक्तानी प्रक्रिया :** (क) स्वलगानीकर्ताहरुले आफुले व्यहोर्नुपर्ने रकम कृषि विकास शाखाबाट गाउँपालिकाको तोकेको बैंक खाताको विवरण लिई यस खातामा कृषि यन्त्र उपकरण लिनु अगावै जम्मा गर्नु पर्नेछ।

(ख) उपदफा (क) बमोजिम जम्मा गरेको रकमको भौचर कृषि विकास शाखामा बुझाएर कृषि यन्त्र उपकरण लिनुपर्नेछ।

(ग) **अनुसूची-७ को उपकरण हस्तान्तरण र भुक्तानी सिफारिसको फारम** सहित लाभग्राहीले जम्मा गरेको स्वलगानीको रकम र गाउँपालिकाले व्यहोर्नुपर्ने साझेदारीको रकम गरि एकमुष्ट रुपमा आपूर्तिकर्तालाई भुक्तानी दिईनेछ ।

**१०.आपूर्तिकर्ताको दायित्व :** कार्यक्रम कार्यान्वयनका लागि आपूर्तिकर्ताले देहाय बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछ

(क) आपूर्तिकर्ताले कृषि यन्त्र विक्रि वितरणका लागि गाउँपालिकाले माग गरेको सूचना बमोजिमको अनुसूची-२ अनुसारको दररेट प्रस्ताव पेश गर्नुपर्नेछ।

(ख) उपभोक्तालाई गुणस्तरिय कृषि यन्त्र उपकरण माग गरिएको समयमानै उपलब्ध गराउनु पर्नेछ।

(ग) आपूर्तिकर्ताले साझेदारलाई कृषि यन्त्र उपकरण तथा औजार संचालन तथा मर्मत सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्नेछ।

(घ) अनुदानमा वितरित कृषि यन्त्र उपकरण तथा औजारमा अनुसूचि-७ ढाँचा अनुसार प्रिन्ट वा प्लेट लेखी अनिवार्य टाँस गर्नुपर्ने छ।

(ङ) आपूर्तिकर्ताले कृषि यन्त्र उपकरणको साथमा पाउने Tools Box अनिवार्य रुपमा उपलब्ध गर्नुपर्नेछ।

(च) यदि बिग्रिएको यन्त्र उपकरण विक्रि गरिएमा सम्बन्धित आपूर्तिकर्ताले फिर्ता लिनुपर्ने र गाउँपालिका सम्म ढुवानिको क्रममा यन्त्र उपकरण कुच्चिए वा बिग्रिएमा आपुर्तिकर्ताले नै मर्मत गर्नु पर्नेछ।

**११.विशेष प्राथमिकता :** कृषि यान्त्रिकरण वितरणका लागि अर्गानिक सामुहिक कृषि खेति (चक्लाबन्दि खेति) समुह, सहकारी खेति समुह, महिला कृषक समुह, कृषक समुह, निजी फर्मलाई प्राथामिकता दिइनेछ।

**१२.अनुगमन तथा मूल्याङ्कन :** यस कार्यक्रमको अनुगमन कृषि विकास शाखाको प्राविधिक र अनुगमन समितिले समग्र कार्यक्रमको प्रतिवेदन सहित भुक्तानीको लागि सिफारिस गर्नेछ ।

कृषि विकास शाखा र गाउँपालिकाले अनुदान वितरण गरेको कृषक ,समुह, संस्थाको उपकरण संचालन गरेको अवस्थाको जुनसुकै बेला निरीक्षण गरि प्रतिवेदन दिन सक्नेछ ।

परिच्छेद-३

## यान्त्रिकरण अनुदान हस्तान्तरण सम्बन्धि प्रकिया एवं शर्तहरु

**१३.यान्त्रिकरण अनुदान हस्तान्तरणमा प्राथमिकता दिईने :-**

१)यान्त्रिकरण अनुदान हस्तान्तरण गर्दा देहाय बमोजिमका कृषक/ समूह/ सहकारी संस्थालाई प्राथमिकता दिइनेछ ।

क) कृषि सम्बन्धी तालीम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको ।

ख) कृषि समूह/सहकारी/निजी फार्म दर्ता गरी संचालन गरेको ।

ग) स्वदेशी श्रम, शिप तथा स्थानीय कच्चा पदार्थको उपयोग गरी स्थापना एवं संचालन भएका कृषि उद्योग तथा व्यवसाय भएको कृषक ।

घ) महिला, दलित, लोपोन्मुख, अपाङ्ग, आर्थिक एवं सामाजिक दृष्टिले पछाडी परेको कृषक ।

ङ) वातावरणमैत्री कृषि उच्योग व्यवसाय संचालन गरेको कृषक ।

च) खाच्यान्न बाली, तरकारी बाली, फलफूल बालीका लागि न्यूनतम १० रोपनी जग्गा भएको समूह/सहकारी संस्था/निजी फार्म ।

**१४. अनुदान हस्तान्तरणका शर्तहरुः**

(क) कृषकहरुले प्राप्त यान्त्रिकरण अनुदानको उचित सदुपयोग गर्नुपर्नेछ ।

(ख) अनुदान प्राप्त गरेको मितिले ५ बर्षसम्म अरुलाई हस्तान्तरण गर्न पाईने छैन, सो भन्दा अगावै हस्तान्तरण वा बिक्री वितरण गरेमा वा सम्झौता बमोजिम अनुदानको उपयोग नगर्ने कृषकलाई प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने र त्यस्ता कृषकलाई यस कार्यक्रमबाट बञ्चित गरिनेछ ।

(ग) कुनै कृषकले अनुदानको पूर्ण सदुपयोग गरी व्यवसायमा उन्नति गर्नुको साथै स्थानीयस्तरमा रोजगारी १४ सिर्जना गरी समुदायलाई उल्लेखनीय योगदान पुर्याएमा आउने आ.वमा मुल्याकन समितिको सिफारिसमा त्यस्ता कृषकलाई पुनः अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन ।

(घ) यान्त्रिकरण अनुदान अनुसुची-५ को ढाँचामा सम्झौता गराई हस्तान्तरण गर्नु पर्नेछ ।

अध्यक्ष

## परिच्छेद-४

## कार्यक्रम सञ्चालनको आर्थिक तथा अन्य पक्ष

**१३.कार्यक्रम सञ्चालनको आर्थिक पक्ष** : (क) स्वीकृत वार्षिक कार्यक्रमको बजेटमा व्यवस्था भए बमोजिमका कृषि यन्त्र उपकरणमा उपलब्ध गराइने अनुदान गाउँपालिकाको कृषि विकास समितिको सिफारिसमा कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ।

(ख) उपदफा (क) का कार्यक्रम प्रदेश वा संघिय सरकारबाट आएको भए सम्बन्धित कार्यविधि अनुरुप हुने।

(ग) कार्यक्रम बजेटको चार प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सोरकम बैठक, अनुगमन, निरिक्षण, इन्धन आदि कार्यमा खर्च गर्नेछ।

१४.कारबाहीको व्यवस्था : (क) आपूर्तिकर्ताले तोकिए बमोजिमको कृषि यन्त्र उपकरण उपलब्ध नगराए, बिग्रिएको यन्त्र उपकरण विक्रि वितरण गरिए, समयमा आपुर्ति नगरिएमा काम नगर्ने आपूर्तिकर्तालाई गाउँपालिकाको प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(ख) साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्र उपकरणहरुको दुरुपयोग गरेमा त्यस्ता साझेदारबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ वा प्रचलित कानुन बमोजिम कारवाही गर्नेछ।

**१५.संशोधन** : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा गाउँपालिकाले संशोधन गर्न सक्नेछ ।

**१६.प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य संघीय कानुन , प्रादेशिक कानुनसँग बाझिएको हकमा कार्यविधिमा रहेको उक्त बाझिएको विषय अमान्य हुनेछ र सघिय ,प्रादेशिक कानुन अनुसार प्रक्रिया अगाडी बढी प्रचलित कानून बमोजिम हुनेछ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

# अनुसूची-१

## साझेदारको लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०८२/ /

बुलिङटार गाउँपालिका कृषि विकास शाखाको आ.व. २०........ को स्वीकृत वार्षिक कार्यक्रम........प्रतिशत लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण सम्बन्धी कार्यविधि, २०८२, अनुसार कार्यक्रममा सहभागी हुन यस गाउँपालिका भित्रका चक्लाबन्दि खेति कृषक समुह,कृषक समुह, कृषक सहकारी, निजी कृषि फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको १५ दिनभित्र कार्यलय समयमा कृषि विकास शाखामा देहाय बमोजिकका कागजात सहित आवेदन पेस गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराइन्छ।

तपसिल

पेस गर्नुपर्ने कागजातहरुको विवरणः

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्टरको कार्यलयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
३. साझेदारहरुको VAT वा PAN प्रमाण पत्रको प्रतिलिपि,
४. गत आ.व. को कर चूक्ता प्रमाण पत्र,
५. संस्थाको हकमा निर्णय प्रतिलिपि,विधान , आधिकारिक पदाधिकारीको नागरिकताको प्रमाणपत्र प्रतिलिपि ,अनुदानको विषयमा बैठकको निर्णय वा सिफारिस प्रतिलिपि
६.व्यक्तिको हकमा निवेदन , नागरिकताको प्रमाणपत्र प्रतिलिपि ,जग्गा धनि प्रमाणपत्र , आफ्नो नाममा रहेको खेतियोग्य जग्गाको विवरण खुल्ने कागजात
७.मेसिन औजार संचालन ,मर्मत सम्बधि तालिम , अनुभव प्राप्त गरेको भए सो प्रमाणको प्रतिलिपि ।

८.सम्बन्धित वडाको सिफारिस

डे. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

## अनुसूची -२

## कृषि यन्त्र उपकरणको आपूर्तिका लागि आवेदन फाराम

**(आपूर्तिकर्तले खरिद आपूर्ति प्रस्ताव माग संगै बुझाउन पर्ने )**

१.फर्मको नाम :

..................................................................................................

................................................

२.प्रधान/केन्द्रिय कार्यालयको ठेगाना :

...........................................................................................

फोन नं :......................

ईमेल : .....................................................................

३.आधिकारिक व्यक्ति :

................................................................................

पद : .................................. फोन नं : ......................

ईमेल : ...............................................

४.फर्मको दर्ता नं : .............................दर्ता गरिएको कार्यालय

.............................................................

५.प्यान/भ्याट दर्ता नं : ..............................

६.व्यापारको प्रकार /उदेश्य : .......................................................

७.फर्मले उपलब्ध गराउन सक्ने उपकरणहरुको दर र विस्तृत विवरण :

( उपर्युक्त क्याटलग , स्पेसिफीकेशन , फोटो आदि संलग्न राखे ) :

८. उपकरणको नाम , विवरण र मूल्य

| क.स | उपकरणको नाम | उपकरणको स्पेसिफिकेशन विवरण | ब्राण्ड | मोडल | पावर | प्रति इकाई लागत (भ्याट र ट्याक्स सहित ) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

उपकरण साथ निशुल्क स्पयेर्स पार्टस उपलब्ध हुने/नहुने :

विक्री पश्चात निशुल्क सभिसिंग ( पटक ) :

९.स्पेयर्स पाट्र्स उपलब्धता भए ( आवश्यक परे छुट्टै पानामा समावेश गर्ने )

| क्र.स | स्पेयर्स पार्टको नाम | संख्या | दर | जम्मा रकम रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१०.मैले /मेरो सप्लायर्सले तोकिए बमोजिमको कृषि यन्त्र उपकरण समयमा उपलब्ध नगराए, बिग्रिएको यन्त्र उपकरण परेमा कार्यविधि अनुरुप उपकरण फिर्ता हुने छ र अन्य आपूर्तिको विषयमा गाउँपालिकाको प्रचलित कार्यविधि र कानून बमोजिम हुनेमा प्रतिवद्ध छु ।

१०.अन्य उपलब्ध गराउनुपर्ने कागजातहरु

क. गत बर्षको वित्तीय अवस्था ( गत आ.व.को लेखा परिक्षण संलग्न गर्ने ) , वासलात , आयको विवरण , कर चुक्ता , नवीकरण प्रमाणपत्र , उपकरण उपलब्ध गराउने आधिकारिक डिलर , रिलेटरको प्रमाणपत्र

ख.प्रत्येक उपकरण तथा मेसिनरीको पफर्मेंस जाँच सर्टिफिकेट , गुणस्तर टेस्ट प्रमाण पत्र , वारेन्टी लगायतको कार्ड प्रमाणपत्र

ग.पेसागत र व्यवसायिक अनुभवहरु / अन्य निकाय , पालिकामा यस अघि सप्लाई गरेको भए सोको विवरण र प्रमाण ,आधारहरु

घ. सर्भिस सेन्टरहरु

प्रस्तुत गरिएका सबै कुरा सत्य हुन , झुटा ठहरिएमा कानून बमोजिम सहुँला / बुझाउँला ।

कम्पनि को छाप

..................

( आधिकारिक व्यक्तिको सहि )

नाम :

पद :

अनुसूची -३

**अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने व्यक्ति/लाभग्राही /संस्था/समूहले बुलिङटार गाउँपालिका कृषि शाखामा पेश गर्ने निवेदनको ढाँचा**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बुलिङटार गाउँपालिका , बुलिङटार -३ ,

नवलपरासी ( बर्दघाट सुस्ता पूर्व ) ।

विषयः कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/हामीलाई खाद्यान्न बाली, तरकारी र फलफूल उत्पादन कार्यमा उपयोग गर्नका लागि "कृषि यन्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ " अनुसार को मिति ............................ मा कृषि विकास शाखाबाट प्रकाशित सूचनाको आधारमा ....................................................कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि अनुसूची-१ बमोजिमको कागजातहरु संलग्न गरी तपशिलको विवरणसहित यो निवेदन गर्दछु /छौं ।

तपशिल

१.प्राप्त गर्न चाहेको उपकरण विवरण

| क्र.स | उपकरण/मेशिनको नाम | स्पेसिफिकेशन | कुन कुन कार्य /काममा प्रयोग हुने | प्रयोग हुने कृषि क्षेत्रफल/ पशुपालन क्षेत्र ठेगाना | लाभान्वित कृषक घर धुरी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

२. कृषि यन्त्र उपकरण र प्रविधि अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेक नगद तिरी कार्यक्रममा संग्लन हुन सहमत छु/छौं। माथि पेश गरेको विवरण ठिक साँचो छ, झुठा ठहरिएमा प्रचलित कानुनी कारबाही भएमा राजी छु/छौ। मलाई/हामीलाई त्यस गाउँपालिकाबाट व्यनिवेदन वस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु /छौं।

निवेदक :

आधिकारिक प्रतिनिधि /व्यक्तिको नाम :

दस्तखत /छाप :

ठेगाना :

सम्पर्क नं :

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

## अनुसूची -४

### स्थलगत प्रमाणीकरण र मुल्यांकनका आधारहरु (फाराम)

१.लाभग्राही व्यक्ति / कृषि समुह / सहकारी / निजि फर्मको नाम :

.........................................................................

२.ठेगाना : ................

३.आधिकारिक प्रतिनिधि /प्रोप्राइटरको नाम :......................

४.समुह/सहकारी/फर्म भए स्थापना/दर्ता मिति : ..................

५.लगानी /अनुदान मागको औचित्य र पुष्ट्याईको विषय :

| क.स | मुल्यांकनको आधार सूचक | अवस्था | कारण उल्लेख गर्ने |
|---|---|---|---|
| १ | यन्त्र उपकरण माग गरेको औचित्य | औचित्य पूर्ण छ /छैन | |
| २ | व्यक्ति भए कृषिक्षेत्रको अनुभव , लगनशिलता कस्तो छ<br>समुह /संस्था फर्म भए नियमित सक्रियता बैठक कस्तो छ | सक्रिय /निष्क्रिय | |
| ३ | लगानीले पार्ने प्रभाव (व्यक्तिगत व्यवसाय वा सामुहिक लाभ ) | | |
| ४ | खेती गर्ने बालीको विवरण | | |
| ५ | जग्गाको विवरण | | |
| ६ | व्यक्ति / समुह /संस्था / फर्मले उत्पादन गरेको वस्तुको बजारीकरण अवस्था | | |
| ७ | व्यक्ति/समुह/संस्थाले अनुदान पश्चात सामाजिक लाभको अवस्था ,समुहको निर्णय | समुदायमा पुग्ने फाइदा : | |
| ८ | व्यक्ति , समुह, संस्था,फर्मको आर्थिक अवस्था | सामुहिक हितको आर्थिक कोष रहेको नरहेको : | |
| ९ | भौतिक पूर्वाधार ( सडक , बिजुली, सिंचाई , खानेपानी ) | | |
| १० | व्यक्ति, समुह, संस्था,निजि फर्मले विगत २ बर्षका कृषि क्षेत्रमा संघ , प्रदेश , गाउँपालिका कृषि शाखाबाट कृषि उपकरण , अनुदान लिएको वा नलिएको | | |

प्रमाणिकरण गर्ने अधीकारीको नाम :

पद :

सहि :

अध्यक्ष

CamScanner

## अनुसूची-५

## साझेदार , लाभग्राही र बुलिङटार गाउँपालिका कृषि विकास शाखा बीचको सम्झौता-पत्र

बुलिङटार गाउँपालिका कृषि विकास शाखाको आ.व.२०.............को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत ...........................................कार्यक्रम संचालनको लागि मिति २०...........................मा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये ...................................को प्रस्ताव छनौट भएको हुंदा कृषि विकास शाखा, (यसपछि प्रथम पक्ष भनिने) र श्री ......................... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम संचालनका लागि द्धि-पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं।

तपशिल

१. प्रथम पक्षले कृषि यन्त्र उपकरण तथा औजारको परल मूल्यको ५० देखि ७५ प्रतिशत (.......... **प्रतिशत** ) वा कार्यपालिका निर्णय बमोजिको प्रतिशतमा अनुदान रकम बरावरीको कृषि यन्त्र उपकरण उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले कृषि यन्त्र उपकरण तथा औजारको अनुदान मूल्य बाहेकको रकम स्वालगानी गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले खरिद गर्न चाहेको कृषि यन्त्र उपकरण तथा औजार स्वलगानी **रकम रु**.......................... गाउँपालिकाको खाता नं ........................................................ (मा जम्मा गर्नु पर्नेछ।

४.दोस्रो पक्षले जम्मा गरेको रकमको सक्कल भौचर सम्बन्धित कृषि विकास शाखामा बुझाएर कृषि यन्त्र उपकरण लिनु पर्नेछ।

५.कृषि यन्त्र उपकरण ल्याईसकेपछि बिग्रिए, टुटफुट भएमा दोस्रो पक्ष स्वयमले मर्मत गर्नुपर्नेछ । उपकरण सप्लायर्ससंग समन्वय गरेर सम्झौता अनुसार मर्मत गर्न सक्नेछ ।

६. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनकम लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

७.कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

८.दोस्रो पक्षले अनुदानमा प्राप्त सामान , वस्तु ,उपकरण मेसिनरी बिक्री वितरण गर्न पाउने छैन , समुदायको सामुहिक र कृषि प्रवर्दनमा लगाउनु पर्नेछ ।शाखा र पालिकाबाट जुनसुकै बखत हुने अनुगमनमा सम्झौता उल्लंघन गरेको पाईए नियमअनुसार पालिकाले कारबाही गर्न सक्नेछ ।

९.सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचालित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

| <u>दोस्रो पक्षको तर्फबाट :</u> | <u>पहिलो पक्षको तर्फबाट :</u> |
|---|---|
| व्यक्ति/समुह/संस्था/फर्मको | कृषि शाखा/कार्यालयको तर्फबाट |
| नाम : | नाम : |
| दस्तखत /छाप : | दस्तखत : |
| पद : | पद : |
| मिति : | मिति : |

# अनुसूची-६

## यान्त्रिकरण अनुदान कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने उपकरणहरु

१.मिनी ट्रीलर
२.पावर ट्रीलर
३.स्पेयर मेसिन , विभिन्न विषादी , मलहरु छर्न
४. मकै छोडयाउने मेसिन
५.पल्पर मेसिन
६.ब्रस कटर
७.कुटानी पिसानी मेसिन
८.पावर स्प्रयेर
९.मेज प्लान्टर /मेज हार्बेस्टर
१०.धान थ्रेसर
११.किटनाशक पोलीथिन जार
१२. दाना बनाउने मेसिन
१३.ग्रास कटर ,मोटर
१४.पावर ट्रीलर विथ अटयाचमेन्ट
१५.सिड ड्रीलर
१६.कृषि/सिँचाई मोटर

यस लगायत आवश्यक भनेर कृषि/पशु विकास शाखाले कृषि र पशुपालनलाई भनेर सिफारिस गरेको उपकरण मुल्याकन समिति निर्णय गरेर वितरण गर्न सकिनेछ ।

लागत साझेदारी प्रतिशत संघीय र प्रदेश कानुनको हकमा सोहि कार्यविधि र नियम बमोजिम हुनेछ ।भने पालिकाले वितरण गर्ने उपकरण औजारको हकमा मुल्याकन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

इ. दिपेन्द्र सुनारी
अध्यक्ष

# अनुसूची -७

## अनुदान उपकरण हस्तान्तरण र भुक्तानी सिफारिसको फारमको ढाँचा

( उपभोक्ता प्रयोजनको लागि )

१. बुलिङटार गाउँपालिका वडा नं ........... बस्ने श्री .......................................... छनौट भई माग गरे बमोजिम र बुलिङटार गाउँपालिका वडा नं ............... को च.न ............................ मिति ............को सिफारिस पत्रानुसार .......................... को खरिद / विक्री मूल्य रु ....................... पर्नेको अनुदान स्वरुपको रु .............................. अक्षरुपी .......................................... को कृषि यान्त्रिक उपकरण ............................आपूर्तिकर्ताबाट उपलब्ध गराईएको छ ।

आपूर्तिकर्ताको नाम र ठेगाना :

आधिकारिक व्यक्ति/प्रोंप्राइटरको नाम :

२. यन्त्र उपकरण बुझीलिनेको नाम र ठेगाना : ....................................

संस्था /सहकारी/समुह भए आधिकारिक प्रतिनिधिको हस्ताक्षर र छाप : .......................................

३. भुक्तानी प्रयोजनको लागि

उपरोक्तानुसार भएको देखिएकोले कृषि यन्त्र उपकरण अनुदान रु .............................. अक्षरुपी..........................................आपूर्तिकर्तालाई भुक्तानी दिन मनासिब देखि सिफारिस गर्दछु ।

सिफारिस गर्ने अधिकारी :..............................

- ( यस फाराम सहित अनुगमन समितिको भुक्तानीको सिफारिसको निर्णय , वितरण ,हस्तान्तरण गरेको फोटो भर्पाइ सहित भुक्तानीको लागि पेश गर्नु पर्ने )
- आर्थिक प्रशासन शाखाले विवरण रुजु गरि भुक्तानी प्रकिया अगाडी बढाउनुपर्ने ।

ई. दिपेन्द्र पुजारी
अध्यक्ष

अनुसूची -८

अनुदानमा प्रवाह उपलब्ध हुने कृषि यान्त्रिकरण तथा औजारमा आपूर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा

| |
|---|
| स्थानीय सरकार<br>गण्डकी प्रदेश , पोखरा<br><br>बुलिङटार गाउँपालिका , कृषि विकास शाखाबाट<br>अनुदान प्राप्त<br>आ.व :<br>आपूर्तिकर्ता : |

आज्ञाले ,

विष्णु बहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत

CamScanner